Rupantaran: A Multidisciplinary Journal
Vol. IX: PP 197-209, January, 2025
ISSN(Print) : 2091-0061, ISSN (Electronic): 2738-9960
**DOI:** https://doi.org/10.3126/rupantaran.v9i01.73572
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# एकरात कथामा समाख्यानात्मक काल

लतादेवी पौडेल[1]
इमेल: *paudyallata@gmail.com*

## लेखसार

प्रस्तुत लेखमा ‘एक रात’ कथामा समाख्यानात्मक कालको खोजी गरी त्यसको कथागत प्रभावकारिताको विश्लेषण गरिएको छ। यस कथामा समाख्यानात्मक  कालको मुख्य विषय निरङ्कुशता विरूद्ध हानिएको बम काण्डमा समातिएको किशोरलाई दिइने फाँसिको सजायसँग सम्बन्धित छ। समाख्यानमा प्रस्तुतीकरणको काल र प्रस्तुत भएको काल अर्थात् सङ्केतक काल र सङ्केतित काल दुई किसिमको कालको प्रस्तुति हुन्छ। आख्यानमा प्रस्तुत घटनाको समय, घटनाको क्रम, पात्रका मनोदशा, विचार उत्पन्न हुँदाको समय, घटनाको आवृत्ति, घटना प्रस्तुत गर्दा लेखकले प्रयोग गरेको कालका आधारमा समाख्यानात्मक कालका बारेमा अध्ययन गरिन्छ। एक रात कथामा समाख्यानात्मक काल र समाख्यायित काल फरक फरक छ। यस कथामा काल समाख्यानात्मक एक रातको भए पनि समाख्यायित काल आठ वर्षको छ। कथामा भूत र अभूत कालको प्रयोग गरिएको छ। यसमा पाचौँ अनुचछेददेखि पन्ध्रौँ अनुच्छेदसम्म समाख्यानात्मक क्रमको विचलन छ। जसमा जेलको कालकोठरीमा फाँसीको सजायलाई पर्खेर बसेको किशोरको मनमा उठेका असामान्य मृत्युप्रतिका धारणाहरू, पारिवारिक तथा विद्यार्थी जीवनमा घटेका घटनाहरूको पुनस्मरणलाई समेटिएको छ। कथामा उक्त घटनाले अग्रभूमिकरणको काम गरेको छ। कथाको पाँचौँ अनुच्छेदका केही वाक्य बाहेक अन्य अनुच्छेदहरूमा भूतकालिक क्रिया पदको प्रयोग गरिएको छ। प्रस्तुत कथामा घटनालाई प्रस्तुत गर्ने क्रममा समाख्याताले कथासंसार भन्दा बाहिर बसेर तत्कालीन परिस्थति तथा घटनाको वर्णन, पात्रको मनोदशाको चित्रण गर्नका लागि भूतकालिक क्रियाको प्रयोग गरेको छ। यसमा समाख्याताले पूर्वघटित घटनालाई समाख्यानको अग्रभूमिकरणका क्रममा र एक रातको समयमा घटित घटनालाई तात्कालिक समाख्यानात्मक  क्रमका रूपमा वर्णन गरेको छ। यसमा समाख्यायित कालको समय अवधि आठ / नौ वर्षको  र समाख्यानात्मक कालको अवधि एक रातको रहेकाले समाख्यानात्मक कालले  भन्दा समाख्यायित कालले धेरै समय ओगटेको निष्कर्ष निकालिएको  छ।

---

[1] लेखक त्रिभुवन विश्वविद्यालय डिग्री क्याम्पस विराटनगरमा नेपाली विषयमा उप प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ।

प्रस्तुत लेख तयार पार्नका लागि प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालय अध्ययनविधिबाट सङ्कलन गरिएको छ । यसमा समाख्यानात्मक कालको सैद्धान्तिक मान्यताका आधारमा कथामा तथ्यको खोजी गर्न पाठ विश्लेषण विधिको प्रयोग गरिएको छ । यसमा सन्दर्भ सामग्रीहरुको प्रयोगमा एपिए पद्धति अपनाइएको छ ।

*शब्दकुञ्जीः असङ्गति, घटना क्रम, समाख्यानात्मक क्रम, समाख्यायित काल, आयाम*

## परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) मूलतः मनोविश्लेषणत्मक कथाका कथाकार हुन् । उनको ‘चन्द्रवदन’ शीर्षकको कथा १९९१ को ‘शारदा’ पत्रिकामा प्रकाशित भएपछि नेपाली कथामा मनोविश्लेषणात्मक धाराको आरम्भ भएको मानिन्छ । उनका  दोषी चश्मा (२००६) र श्वेतभैरवी (२०३९) दुई वटा कथासङ्ग्रह प्रकाशित छन् । कोइरालाका कथामा समाख्यानका प्रेषक, प्रेष्य र प्रापक तीन तत्त्वको संयोजन राम्रोसँग गरिएको हुँदा उनका कथा समाख्यान अध्ययन विश्लेषणका  लागि उपयुक्त छन् ।

समाख्यानशास्त्र आख्यानको सैद्धान्तिक विश्लेषण गर्ने पद्धति हो ।  समाख्याता आख्यानको प्रस्तोता हो । समाख्यानशास्त्र  सिद्धान्त र विधि दुवै हो । समाख्यानशास्त्रका आधारमा कुनै पनि आख्यानयुक्त  कृतिको विश्लेषण गर्दा समाख्याताको पहिचान, समाख्यानात्मक वाच्यत्व, सङ्केन्द्रीकरण, कथनीयता, समाख्यानविधि र काल आदि कुरालाई आधार बनाइन्छ । आख्यानमा प्रयुक्त काललाई समाख्यानात्मक काल भनिन्छ । यो कथाको घटना र व्याख्यान समय अर्थात् समाख्यायित समयसँग सम्बद्ध हुन्छ । आख्यानमा प्रस्तुतीकरणको काल र प्रस्तुत भएको काल अर्थात् सङ्केतित काल र सङ्केतक काल गरी दुई किसिमको कालको प्रस्तुतीकरण भएको हुन्छ । यसमा आख्यानको संरचक घटकका रूपमा आउने विभिन्न घटकहरूको अध्ययन विश्लेषण गरी आख्यानका घटकहरूको प्रकार्यात्मक सम्बन्धको निरूपण कसरी भएको छ भन्ने कुराको खोजी गरिन्छ । आख्यानमा प्रस्तुत घटनाको समय, घटनाको क्रम, पात्रका मनोदशा र विचार उत्पन्न हुँदाको समय, घटनाको आवृत्ति र घटना प्रस्तुत गर्दा लेखकले प्रयोग गरेको कालका आधारमा समाख्यानात्मक कालको अध्ययन गर्न सकिन्छ । समाख्यानात्मक कालको अध्ययनबाट कथाको शैलीगत संरचना पहिल्याउन सकिने, पाठकमा कौतुहलता र प्रभावोत्पादक बढाउन लेखकको कलाकौशलता पहिल्याउन सकिने, कथामार्फत लेखकले प्रस्तुत गर्न खोजेका कुराहरू पहिचान्न सकिने भएकाले कुनै पनि आख्यानको समाख्यानात्मक कालको अध्ययन गर्नु प्राज्ञिक कार्य ठहर्छ । यस सन्दर्भमा विश्वेश्वरप्रसाद कोइरालाको ‘एक रात’ कथाको विभिन्न कोणबाट अध्ययन अनुसन्धान भए पनि समाख्यानात्मक कालका आधारमा विस्तृत अध्ययन नभएकाले प्रज्ञिक क्षेत्रमा यसको रिक्तता देखिन्छ । प्रस्तुत लेख सोही रिक्तताको परिपूर्ति गर्ने उद्देश्यले तयार पारिएको छ ।

प्रस्तुत लेखमा ‘एक रात’ कथामा प्रयुक्त समाख्यानात्मक काल व्यवस्थाको अध्ययनसँग सम्बद्ध समस्याको समाधानका लागि एक रात कथामा घटना काल वा समाख्यानात्मक काल र समाख्यायित काल के कसरी प्रस्तुत भएको छ र यसले प्रस्तुतिमा के कस्तो समाख्यानात्मक क्रमभङ्गता ल्याएको छ भनी विश्लेषण गरिएको छ ।

## विधि र सामग्री

प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित ‘एक रात’ कथाको समाख्यानात्मक कालको अध्ययनमा केन्द्रित भएकाले यसलाई जेरार्ड जेनेट, जोस एन्जेल, गार्सिया ल्यान्ड र देवी गौतमको समाख्यानमा काल व्यवस्था सम्बन्धी सैद्धान्तिक मान्यताका आधारमा पूर्णता दिइएको छ। यसमा लेखको समस्यासँग सम्बन्धित आवश्यक प्राथमिक तथा द्वितीयक स्रोतका सम्पूर्ण सामग्रीहरू पुस्तकालयीय अध्ययनबाट सङ्कलन गरिएको छ। जसमा श्वेत भैरवी कथासङ्ग्रहमा सङ्गृहीत ‘एक रात’ कथा प्राथमिक स्रोतको मुख्य सामग्री र उक्त पाठविश्लेषणसँग सम्बन्धित सैद्धान्तिक पाठ्यपुस्तक, लेखरचना, समालोचना तथा समीक्षालाई द्वितीयक स्रोत सामग्रीका रुपमा रहेका छन्। सङ्कलित सामग्रीहरुको विश्लेषणका लागि पाठ विश्लोषण विधिको प्रयोग गरिएको छ।

### कृति विश्लेषणको सैद्धान्तिक आधार

आख्यानमा प्रयुक्त काललाई समाख्यानात्माक काल (न्यारेटिभ टेन्स) भनिन्छ। समाख्यानात्मक काल कथाको समय विश्लेषणसँग सम्बद्ध छ। समाख्यानमा घटना काल र समाख्यायित कालको दोहोरो क्रम रहेको हुन्छ। यस किसिमको कथा काललाई जर्मनेलीहरूले कथाकाल र समाख्यान काल भनेको छन् (जेनेट, सन् १९८०, पृ.२५)। समाख्यानमा घटनाको प्रस्तुति र घटनाको समुच्चय फेबुलाका रूपमा रहेको हुन्छ । समाख्यानको घटना काललाई गार्सिया ल्यान्डले फेबुला काल भनेको छन् (सन् २०१७, पृ.३)। कथामा समाख्यानात्मक काल स्थिर किसिमको हुन्छ। कथामा कालको अभिव्यक्ति वाक्यमा घटना बोधक क्रियापदबाट हुन्छ।

कथामा घटना क्रमले ओगटेको समयावधि कथाको घटना काल हो। घटना काल समाख्यानमा आउने घटना पात्र, परिवेश आदिसँग सम्बद्धताको समुच्चय हो। जर्मनेली समाख्यानका सिद्धान्तकारहरूले यसैलाई काल मानेका छन्। फेबुला बहुआयामिक हुन्छ। यो विषयगत काल पनि र वस्तुगत काल पनि हो। विषयगत काल पात्रका मस्तिष्कमा घट्ने घटनासित सम्बन्धित हुन्छ। आख्यानमा पात्रका मनमा उत्पन्न हुने अन्तर्द्वन्द्व विचार, पूर्वस्मृति, भविष्यको आँकलन, सोचाइ आदिसँग सम्बद्ध भएर विषयगत काल आएको हुन्छ। वस्तुगत काल कथाकनमा आउने घटनाको कालक्रमिक पूर्वापर सम्बन्धयुक्त श्रृङखला हो। यी दुवैको मिश्रण घटना काल हो (गार्सिया ल्यान्ड सन् २०१७, पृ.३)। आख्यनमा घटना काल प्रस्तुत भइसकेको समयसँग सम्बन्धित हुन्छ। कथामा यसलाई अवस्था र अवधि (समय अवधि) आदिका माध्यमबाट विश्लेषण गर्न सकिन्छ त्यसैले यसलाई प्रस्तुत भएको काल अर्थात् सङ्केतक काल भनिएको हो। आख्यानमा आउने घटना कालले आख्यानको लम्बाइ कति हुने र त्यसको शैलीगत संरचना कस्तो हुने भन्ने कुराको निक्र्योल गर्दछ।

समाख्यायित काल पाठ पठनका सन्दर्भमा पाठकले अनुभव गर्ने समय हो। यो समाख्याताको प्रस्तुतिसँग सम्बन्धित हुन्छ। यसलाई सङ्कथन काल, समाख्यान काल, कथा काल पनि भनिन्छ। यो सङ्कथनका तहमा फैलिएको हुन्छ। यो घटना कालभन्दा व्यापक र महत्वपूर्ण हुन्छ। समाख्यायित काल पाठमा भाषिक चिन्ह वाक्यको काल जनाउने शब्दद्वारा प्रकट हुन्छ। यो पठनका क्रममा अनुभूत हुने समयको लमाइ हो। यसलाई प्रस्तुतिकरणको

काल वा साङ्केतित काल पनि भनिन्छ । यसले आख्यानमा आउने मुख्य घटनाबाहेकका संस्मरण, विगत आदिसँग जोडिएको समयलाई समेटेको हुन्छ । समाख्यानात्मक काल समाख्यानात्मक भूत र समाख्यानात्मक अभूत (वर्तमान/भविष्यत्) गरी दुई किसिमको हुन्छ । कुनै कथामा भएका घटनाको प्रस्तुतिगत काल समाख्यानात्मक कालसँग सम्बद्ध हुन्छ । प्रायः कथामा समाख्यानात्मक काल स्थिर हुन्छ । घटनाबोधक वाक्यको क्रिया भूतकालमा छ भने समाख्यानात्मक भूत र अभूतकालमा छ भने समाख्यानात्मक अभूत काल हुन्छ (गौतम, २०७६, पृ.१) कथामा समाख्यायित काल समाख्याताले प्रस्तुत गरेको घटनाको पूर्वापर सम्बन्धका माध्यमबाट प्रकट हुन्छ । आख्यनमा समाख्यानात्मक काल तीन प्रश्नमा आधारित हुन्छ ; १. आख्यानमा प्रस्तुत कार्य वा घटित घटना कहिले भएको हो ? २. उक्त कार्य वा घटित घटना कति समयसम्म भएको हो ? ३. उक्त कार्य वा घटित घटना कति पल्ट भएको हो ? यसमा कहिले भन्ने प्रश्न समाख्यानको समयक्रमसँग सम्बद्ध हुन्छ । कति समयसम्म भन्ने प्रश्न समाख्यानको समयावधिसँग सम्बद्ध हुन्छ र कतिपल्ट भन्ने प्रश्न समाख्यानको कार्य वा घटनाको आवृत्तिसँग सम्बद्ध हुन्छ (गौतम, २०७६, पृ.१) । आख्यानमा समयको सन्दर्भबिन्दु, घटना वा कार्यको अवधि र तिनको आवृत्ति महत्त्वपूर्ण हुन्छन् । यी सबै कुराको अभिव्यक्ति समाख्यानात्मक कालअन्तर्गत पर्दछन् । कथामा घटनाको प्राकृतिक क्रमको अनुसरण हुन पनि सक्छ र नहुन पनि सक्छ । प्राकृतिक क्रमको अनुसरण भएको छ भने यसमा अनुक्रम सम्बन्ध रहन्छ । प्रायः परम्परित कथामा प्राकृतिक समयक्रमको अनुसरण भएको हुन्छ भने प्रयोगवादी कथाहरूमा समयक्रम भङ्ग भएको पाइन्छ (गौतम, (गौतम, २०७६, पृ.१)) । समाख्याताको कालिक चयनको विषय समाख्यानात्मक काल हो । समाख्याताले पाठक तथा श्रोतालाई केन्द्र मानेर समाख्यानात्मक कालको चयन गरेको हुन्छ । उसले के भयो ? भएको थियो ? वा हुँदै थियो भनेर, कथासंसार भित्र वा बाहिर बसेर कथा भनिरहेको हुन्छ । समाख्याता समग्र कथाको सर्वज्ञाता हो (गौतम, २०६९, पृ.१) । यसर्थ समाख्यानात्मक काललाई लेखकबाट गरिने समय व्यवस्थापनको विषय मानिन्छ ।

समाख्यानशास्त्रमा कालव्यवस्थाले आख्यानात्मक काललाई बुझाउँछ र यो कथनावधि, आख्यानमा प्रस्तुत भएको समय सन्दर्भ वा त्यसको अवधि, कथामा घटित भएका घटनाहरूको समयावधि र त्यो समयसँग सम्बन्धित हुन्छ । आख्यानमा काल व्यवस्थापनको जिम्मेवारी पनि समाख्याता स्वयंले पाएको हुन्छ । कहिलेको कथा कति समयमा भन्ने, कुन घटना कति बेला घटित गराउने, कथा सरासर भन्ने वा रोकिँदै भन्ने, समयलाई सरल रेखामा बगाउने वा तलमाथि गर्ने आदि सबै कुराको व्यवस्थापन समाख्याताले नै गर्छ । उसले नै कस्तो स्थितिको प्रस्तुतिमा कुन काल वा कुन पक्षको प्रयोग गर्ने भन्ने कुराको निर्धारण गर्छ । यसरी घटनाको सान्दर्भिकताअनुसारको काल प्रयोगले कथालाई प्रभावकारी बनाउनमा पनि भूमिका खेल्छ । मूलतः कथाको अग्रभूमि निर्माण, पृष्ठभूमि निर्माण र परिवेश सृजनाका क्रममा आएको कालिक तथा पक्षगत संरचना र तिनको परिवर्तन नै कथाको समय विश्लेषणको केन्द्रीय आधार हो ।

समाख्यानात्मक कालमा कुनै पनि समाख्यानमा घटना काल कसरी प्रस्तुत भएको छ ? समाख्यायित काल कसरी प्रस्तुत भएको छ ? कुन घटना कहिले घटेको हो कति समयसम्म घटेको हो ? कतिपटकसम्म घटेको हो ? समाख्यानमा घटना क्रमको अवस्था कस्तो छ ? आख्यानमा पूर्वस्मृति र पश्चस्मृति आएको छ कि छैन ? भन्ने कुराबाट समाख्यानात्मक काल पहिल्याउन सकिन्छ (गौतम, २०७६, पृ.१-२) । आख्यानमा कालको विश्लेषण गर्दा

समाख्याताको प्रस्तुतीलाई केन्द्रमा राखिन्छ । आाख्यानमा प्रयुक्त कालले नै कथालाई रैखिक वृत्तकारीय वा मिश्रित मध्ये कुनै एक संरचना प्रदान गर्नुका साथै कथाको आयाम निक्र्यौल गर्दछ । आख्यानमा पाठकीय कौतुहलता, उत्प्रेरण, प्रभावोत्पादकता, आस्वादन पनि यसैमा भरपर्ने हुनाले समाख्यानात्मक कालको अध्ययन गर्नु आवश्यक हुन्छ । प्रस्तुत लेखमा 'एक रात' कथामा समाख्यानात्मक कलाको विश्लेषणका लागि यिनै कुराहरूलाई आधार बनाइएको छ ।

**परिणाम र छलफल**

प्रस्तुत लेखको मुख्य समस्था 'एक रात कथामा समाख्यानात्मक काल' रहेको छ । यसमा शोध्य समस्यासँग सम्बन्धित भएर उक्त कथामा व्यक्त भएको समाख्यानात्मक काल समाख्यायित कालसँग सम्बन्धित घटनाहरूको अध्ययन तथा विश्लेषण गरिएको छ । प्रस्तुत कथामा पाँचौं अनुच्छेका केही वाक्यबाहेक एकदेखि बत्तीसै अनुच्छेदहरूका सबै वाक्यहरूमा भूतकालिक क्रियापदको प्रयोग भएको छ । प्रस्तुत कथामा समाख्यायित कालको समय अवधि आठ / नौ वर्षको छ भने समाख्यानात्मक काल एक रातको रहेको छ । कथामा समाख्यानात्मक कालक्रमले भन्दा समाख्यायित कालक्रमले धेरै समय ओगटेको छ । यसमा एक रातमा घटित घटनाको प्रस्तुतिका लागि खर्चिएको समाख्यायित कालबाहेकको काल कथाको अग्रभूमिकरणका क्रममा रहेको छ ।

**एक रात कथामा समाख्यानात्मक काल**

'एक रात कथा' जम्मा ३२ अनुचछेदमा संरचित छ । यसमा केही अनुच्छेदहरू दुई वाक्यका मात्र पनि छन् भने केही अनुच्छेदहरू लामा र संवादात्मक प्रकृतिका छन् । यसमा प्रत्येक घटनालाई एक अनुच्छेका रुपमा गणना गरिएको छ । यसमा कथामा प्रस्तुत समाख्यानात्मक कालबारे अध्ययन गर्न घटना काल र समाख्यायित कलालाई मुख्य आधार बनाइएको छ ।

**एक रात कथामा समाख्यानात्मक काल**

'एक रात' निरङ्कुश पञ्चायती शासन व्यवस्थाका विरुद्ध स्वतन्त्रता र प्रजातन्त्रका लागि नेपाली युवाहरूले गरेको उत्सर्ग तथा बलिदानीको घटनाको घटनालाई समेटेर लेखिएको कथा हो । यसमा फाँसीको सजाय सुनिसकेको किशोरले जीवन र मृत्युका बारेमा बनाएका धारणाहरूको शूक्ष्म रूपमा विश्लेषण गरिएको छ । कथामा रातको समयमा सहर वरिपरिका मानव बस्तीहरूमा देखिने शून्यता, रात्रिक्लबबाट छुटेका मोटरहरूको घरिघरि सुनिने घ्यारघ्यार आवाज, रात्रिक्लवबाट मोटरमा बसेर फर्किएका नारी पुरुषहरूको अस्वभाविक हाँसो, शारीरिक अशक्तता भएका वृद्धवृद्धाहरू गोडा लतार्दै रात्रिको समयमा हिंडेको सुनिने स्यारस्यार आवाज, सुनसान बस्तीभित्र एकदुई वृद्ध अशक्तहरूले एकोहोरो सुनिले टिठ लाग्दो खोकीको आवाज,अचानक निद्राबाट ब्युँझिएर उठेका दुधे नानीहरूको अस्वभाविक क्रन्दन, झ्यालखानको कालकोठरीमा त्यसै गुडुल्किएर झपक्क निन्द्राले छोएको समयमा जेलको ढोकाको खोलिएको सुनिने बाक्लो साङ्ल्लोको आवाज, जेलको ढोका बाहिर धेरै मानिसहरूको गोडाको सऱ्याकसुरुक, कमिसनरले कैदीलाई सोधेको अन्तिम इच्छा, आफ्नो विचारमा दृढ कैदीले कमिसनरसमक्ष गरेको

इन्कार, जीवनको अन्तिम घडीमा आइपुग्दा कैदीले स्मरण गरेको आफ्नो जीवनको विगत तथा पारिवारको दिनचर्या, किशोरले फाँसीमा चढ्दाको देखाएको आत्मविशवास, किशोरलाई फाँसिमा चढाउन गएका सिपाही, डाक्टर, सुबेदार तथा कमिसनरमा देखिएको बेचैनी आदि घटना कालसँग सम्बन्धित विषयका रूपमा रहेका छन् । एक रातको समयमा घटित घटनासँग सम्बन्धित समय नै यस कथाको समाख्यानात्मक काल हो ।

हिउँदको समयमा जेलको चिसो छिडीमा राडीमा गुडुल्किएर मृत्युको पर्खाइमा बसिरहेको किशोरको अवस्थाको जानकारी गराउँदै कथाको सुरुवात भएको छ । रातको समयमा निन्द्रमा झकाइरहेको बेला सिपाहीहरूको आगमनले किशोरको निन्द्र खुल्छ । जेलको कमिसनरले उसलाई खान मनलागेको कुरा, घरपरिवारमा भन्न मनलागेको कुराका साथै जीवनको अन्तिम इच्छाका बारेमा सोध्छ । किशोरले कमिसनरको अघिल्ला कुनै पनि प्रश्नको उत्तर नदिई अन्तिम प्रश्नको उत्तर दिँदै तमाम किशोर युवाहरूको जीवनमा आनवीय मर्यादा र सुख सम्भव हुनसकोस् भन्ने जवाफ दिन्छ । किशोरको उक्त उत्तरले नाजवाफ भएको कमिसनर हडबडाउँदै बाहिर जान्छ । फेरि पनि किशोर कोठामा एक्लै हुन्छ । कोठामा एक्लै भएको किशोरले आफ्नो पारिवारिक तथा विद्यार्थी जीवनको पूर्वस्मरण गर्न थाल्छ ।

मध्यमवर्गीय किसान परिवारमा जन्मिएको किशोर परिवारको जेठो छोरो हुन्छ । प्रथम श्रेणीमा म्याट्रिक पास गरेपछि उसले गाउँभरिको सम्मान पाउँछ । बाआमाको इच्छा नहुँदा नहुँदै पनि गाउँलेको सल्लह सुझावले उसले हिन्दुस्थान गएर पढ्ने मौका पाउँछ । हिन्दुस्थानमा पढ्दा ऊ त्यहाँको राजनैतिक परिवेशबाट प्रभावित हुन्छ र देश रजनताको भलाइका लागि लड्न तयार हुन्छ । उसले तत्कालीन सामाजिक चालचन तथा रीतिरिवाजका विपरित आफ्नी बहिनीलाई अङ्ग्रजी पढ्न सिकाउँछ । उसले पत्नीलाई पनि पढ्न सिकाउँछ । एक साँझ किशोर आफ्नी पत्नीसँग गाउँ नजिकको खोलातिर घुम्न जान्छ । उनीहरू खुल्ला आकाशमुनि प्रेम साटासाट गर्छन् र भावि जीवनका बारेमा कुराकानी गर्छन् । यसैबेला किशोरले प्रजातन्त्र ल्याउन आफू क्रान्तिमा लागेको सङ्केत श्रीमतीलाई दिन्छ । यस समयसम्म उसकी पत्नी आमा बन्ने भइसकेकी हुन्छे । उनीहरू आफ्नो हुनेवाला सन्ता छोरो या छोरी होस् भन्ने विषयमा ठट्टासमेत गर्छन् । त्यसको भोलिपल्ट किशोर पक्राउ पर्छ । जेलमा उसले आफू छोराको बाबु भएको खबर पाउँछ । उसले आफ्नो विगतलाई एकएक गरी सम्झन्छ । ऊ कलेजका साथीहरू सम्झन्छ । क्रान्तिका लागि गरिएका गोष्ठीहरू सम्झन्छ । न्याय र स्वतन्त्रताका लागि सामान्य हिंसा र विरोध अनिवार्य छ भन्ने ठहर गरेपछि निरङ्कुश शासकहरूलाई तर्साउनका लागि आफूले बम फाल्ने कामको जिम्मा लिएको कुरा सम्झन्छ । त्यही बम फालेका कारण पक्राउ परेको हुन्छ । आफू पक्राउ परेकोमा ऊ कुनै चिन्ता लिँदैन । बरु आफूले गरेको उक्त कार्यलाई अनिवार्य कदमका रूपमा लिन्छ । ऊ सिपाहीका अगाडि बम फालेको कुरा निर्धक्कका साथ स्वीकार गर्छ । फालिएको बमबाट कोही कसैको हत्या भएकै भए पनि त्यो देश र जनताका अधिकारका लागि भएको ठान्छ । आफूले बम हानेका कुरामा शासकसामु माफी मागेर ऊ मुक्त हुन सक्थ्यो तर ऊ आफ्नो विचारमा प्रतिवद्ध र दृढ छ । मनमा त्यस्तै कुरा खेलाउँदा खेलाउँदै ऊ निन्द्रले झकाउँन पुग्छ । केही समय नबित्दै जेलको फलामे ढोका खुल्छ । ढोका खुल्दा आएको साङ्लाको आवाजले उसको निन्द्रा खुल्छ । कमिसनर आएर उसलाई बाहिर जान भन्छ । ऊ कोठाका किताबहरू र कपडा मिलाउँदै पुलिससँग बाहिर आउँछ । कमिसनरहरूले उसलाई जेलको बाहिरपट्टि केही पर उसलाई झुन्ड्याउन तयार

पारिएको मञ्चमा पुऱ्याउँछन् । यस अवस्थामा पनि ऊ सामान्य मनस्थितिमा हुन्छ । उसको हात पछाडि लगेर बाँधिन्छ । घाँटिमा डोरी लगाएर फाँसी दिइन्छ । उसको मृत्युमा सामेल भएका डाक्टर, कमिसनर, सुवेदार, सिपाही सबै बेचैन हुँदै घर फर्किन्छन् । घरमा फर्किएर पनि उनीहरू निदाउन सक्दैनन् । बिहानको उज्यालो हुन्छ ।

कथामा प्रस्तुत विषयगत काल र वस्तुगत कालले कथाको आख्यानमा एककिसिमको अस्थायी शृङ्खला तयार भएको छ । कथाको फैलावटमा यी घटनाले महत्ववपूर्ण भूमिका निर्वाह गरेको छ । विवेचित कथा मध्यम आकारको छ । यसो हुनुमा घटना कालको मुख्य भूमिका रहेको छ । विवेचित कथामा घटना काल पुगनपुग एक रातको अर्थात् सात / आठ घण्टाको रहेको छ । यही एकरातको समयमा किशोरको जीवनमा घटेको अप्रत्यासित, अकल्पनीय दुःखदयी घटनालाई प्रस्तुत गरिएको छ । यसमा निरङ्कुश पञ्चायती शासन व्यवस्थाको ज्यादतीका विरुद्ध नेपाली युवाले गरेको क्रान्तिको यथार्थ रूपलाई देखाइएको छ । स्वतन्त्रता र प्रजातन्त्रका लागि निरङ्कु शासनसत्ता विरोधी आन्दोलनमा होमिएको एउटा किशोरले फाँसीमा चढ्नु अघि मृत्युका बारेमा बनाएर धारणा, पारिवारिका जीवन तथा विद्यार्थी जीवनका बारेमा स्मरण गरेका कुराहरूको सूक्ष्म विश्लेषण गरिएको प्रस्तुत कथामा पाँसीको बलीवेदीमा चढ्नुअघि व्यक्तिका मनमा केकस्ता कुराहरू खेल्छन् भन्ने कुरालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । कथामा न्याय, स्वतन्त्रता र समानताका लागि ज्यान गुमाएका सहिदहरूप्रति सद्भाव व्यक्त गरिएको छ । कथामा घटना कालको यस किसिमको अभिव्यक्तिले कथाका पाठकमा कौतुहलता सिर्जना गरी कथाको आस्वादन र प्रभावोत्पादकता बढाएको छ ।

**एक रात कथामा समाख्यायित काल (न्यारेटेड टाइम)**

प्रस्तुत कथाको पहिलो अनुच्छेदको त्यो रात्रि पनि सधैंको जस्तो साधारण राति थियो । अन्धकारमा मानिसको लोक थाकेर मरेको-चिसो, जाडोले कठाङ्ग्रिएको । लुगैलुगाले सारा (कोइराला, २०७३, पृ.२८) भन्ने भूतकाल जनाउने वाक्यबाट सुरू भएको छ । यो वाक्य कथामा समाख्यानात्मक क्रम बुझाउने पहिलो वाक्य हो । कथामा पहिलो अनुच्छेदका अरू वाक्यहरू सामान्य भूतकालका छन् । यी वाक्यहरूमा वितेका रातहरू जस्तै आजको रातको चकमन्नता प्रस्तुत भएको छ । यस कथाको दोस्रो अनुच्छेदको पहिलो वाक्यमा 'अरू जाडाका रात्रिसरह नै त्यो रात्रि पनि थियो । जीवनको कार्यरता एकदम थामिएर अडेको मानौं तमाम विश्व स्पन्दनहीन भएको छ' (कोइराला, २०७३, पृ.२८) भूतकालिक क्रियाको प्रयोग भएको छ । यस अनुच्छेदका सबै वाक्यहरूमा भूतकालको प्रयोग भएको छ । "दरबारमा राजा रानी र अरू राजपरिवारका प्राणीहरू सुतेका थिए, ....विद्यार्थी, ज्यामी, कामी आ-आफ्ना घरमा, सर्वहारा पार्टीका सत्तलमा जहाँ मुन्टो घुसार्ने ठाउँ पाए त्यही सबै सुतेका थिए ।....आदि यस्तै साना-साना चहलपहलका कुराहरूले मात्र यो सङ्केत दिन्थ्यो जीवन हठात मरेको थिएन । -थामिया मात्र थियो, मृत्युवत निन्द्रमा" (कोइराला, २०७३, पृ.२८-२९) । यी वाक्यमा प्रयुक्त क्रियापदले रात्रिकालीन समयको स्थितिको बोध गराएका छन् । कथाको पृष्ठभूमिका रूपमा आएका यी अनुच्छेदहरूमा रात्रिकालीन समयमा हुने चकमन्नताको वर्णन बाह्य परिवेशको

रूपमा रहेको यस अनुच्छेदले निरङ्कुश शासन व्यवस्था रहेसम्म परिवर्तका लागि लडेका क्रान्ति किशोहरूको बिहानीको आगमन देख्न नपाई अकालमा मर्नुपर्ने कुरालाई सङ्केत गरेको छ।

कथाको तेस्रो अनुच्छेदमा भूतकालिक क्रियाको प्रयोग भएको छ। निरङ्कुश पञ्चायती शासन व्यवस्था विरोधी आन्दोलनमा बम हानेको अभियोगमा पक्राउ परेको किशोरलाई मृत्युदण्ड दिनुअधि कमिसनर आएर उसलाई जीवनका अन्तिम इच्छाहरू सोधेको कुरा कथाको तेस्रो अनुच्छेदमा उल्लेख गरिएको छ। राति कमिसनर आएर सोधेर गएका थिए -के खान मन छ ? उसले भनेको थियो टाउको हल्लाएर - केही खान मन छैन र कमिसनरले फेरि सोधेका थिए -घरका मान्छेलाई  केही भन्नु छ ? (कोइराला, २०७३, पृ.२९)। प्रस्तुत वाक्यमा सोधेर गएका थिए भन्ने क्रियापदले भूतकाललाई जनाएको छ। यस अनुच्छेदमा आएको समाख्यानात्मक क्रम लगभग आधाघन्टा जतिको छ। जेलको कालकोठरीमा रात्रिको समयमा किशोरमाथि कमिसनरले जुन व्यवहार गरेको छ यसले किशोरको मानसिकतालाई जोख्ने काम गरेको छ।

कथाको चौथो अनुच्छेदमा भूतकालिक क्रियापदको प्रयोग भएको छ। बाहिर मानिसहरूको खस्याकखुसुक्क आवाज र फलामे ढोकाको बाक्लो साङ्गलो बजेको आवजले झस्किएको किशोरलाई मृत्युदण्ड दिनुअघि कमिसनरले पटक पटक केही भन्नु छ ? अन्तिम इच्छा के छ ? भनी सोधेको कुरामा सचेत भएर किशोरले यो अन्तिम अवस्थामा केही त भन्नैपर्छ भन्ने कुरा यस अनुच्छेदमा वर्णन गरिएको छ। निरङ्कुश शासनव्यवस्थाको अन्त्यका लागि समर्पित भइसकेको, जीवनलाई भन्दा मृत्युलाई रोजेको किशोरले कमिसनरका सबै प्रश्नको उत्तर दिन आवश्यक नठाने पनि अन्तिम प्रश्नको उत्तर दिन आवश्यक ठानी उत्तर दिएको, किशोरको दृढ अठोट, निडरता र आत्माबल देखेर कमिसनर हडबडाएको कुरा पनि यसै अनुच्छेदमा वर्णित छ। किशोर र कमिसनरको मनोदशाको सूक्ष्म चित्रण गरिएको यस अनुच्छेदमा सबै घटनाक्रमको वर्णनमा भूतकालिक क्रियाको प्रयोग गरिएको छ। “किशोर केही सचेत भयो र उसलाई लाग्यो , कमिसनरको यो प्रश्नमा अन्तिम दिलचश्पी दिएर केही बोल्नै पर्छ , नत्र जीवनको केही टुङ्गो नलागेको जस्तो हुनेछ। विसर्जन वाक्य त केही भन्नैपर्छ। उसले भन्यो तमाम किशोर युवकहरूको जीवनमा मानवीय मर्यादा र सुख सम्भव हुन जाओस्। कमिसनार मानौं हडबडाएर उठे र उनले बडो अस्वभाविक कण्ठमा भने - ल भो,भो” (कोइराला, २०७३ पृ.२९)। जेलको चिसो छिंडीमा रहेको किशोर र किशोरलाई मृत्युदण्डको सजाय सुनाउन आएको कमिसनरको मानसिक अवस्थाको चित्रण गरिएको यस अनुच्छेदमा समाख्यानात्मक समय अवधि लगभग आधाघन्टा जतिको छ। भूतकालिक क्रियापदको प्रयोग गरिएको भए पनि यसमा रहेको कथानकले समाख्यानात्मक क्रमलाई भने अघि बढाएको छ।

किशोर फेरि एक्लै भयो कोठामा (कोइराला, २०७३, पृ.२९) भन्ने भूतकालिक क्रियापद जनाउने वाक्यांशबाट कथाको पाँचौँ अनुच्छेद थालनी भएको छ। यसमा आएका अन्य वाक्यहरूमा भने वर्तमानकालिक त्रियापदको प्रयोग भएको छ। साधारण मृत्यु होइन यो, जसमा जीवन बिस्तार-बिस्तार निभ्दै जान्छ।....दरबारबाट मृत्युदण्डको पुष्टि भएपछि - आज हुन्छ भोलि हुन्छ भन्दै औलामा दिन गन्दै मृत्युलाई पर्खेर बसेको।...अहिले पनि

मृत्युका लागिको यो वृहत् आयोजना समाप्त भैसकेको छैन- बाँकी रहेको कागजमा अफिसरहरूको दस्तखत पर्दै होला, अन्तिम अर्डरहरू लेखिँदै होलान् (कोइराला, २०७३, पृ.३०)। यी वाक्यहरूमा पर्दै होला, लेखिँदै होलान् क्रियापदले वर्तमान कालमा काम भइरहेको तर सम्पन्न भइनसकेको कुराको बोध गराएको छ। यस अनुच्छेदमा तत्काल फाँसीको सजाय हुँदैछ भन्ने जानकारी पाएको किशोरले मृत्युदण्ड दिनका लागि शासकहरूले गर्नसक्ने पूर्व तयारी र आफूले निकट समयमा नै भोग्नुपर्ने असाधारण मृत्युका बारेमा कल्पना गरेको कुराको वर्णन गरिएको छ। यस अनुच्छेदमा कथाक्रमको निरन्तरता छ। यसमा किशोरले आफूमाथि हुने असाधारण मृत्युका बारेमा कल्पना गरेका कुराहरूले पाठकलाई संवेदनशील बनाएको छ ।

कथाको छैटौँदेखि पन्ध्रौँ अनुच्छेदसम्म मृत्युको पर्खाइमा जेलको चिसो छिँडीमा रात काटिरहेको किशोरले विगतको आफ्नो पारिवारिक तथा विद्यार्थी जीवनमा घटेका घटनाहरूको स्मरण गरेको कुरा उल्लेख गरिएको छ। किशोरले विगत जीवनको पूर्वस्मरण गरेको यी अनुच्छेदमा समाख्यानात्मक क्रमको निरन्तरता नभई विचलन भएको छ। यी अनुच्छेदहरूमा किशोरले जेलपर्नु अघि जीवनमा घटेको घटनाहरूको स्मरण गरेका कुराहरूको वर्णनका लागि भूतकालिक क्रियापदको प्रयोग गरिएको छ भने कथाको घटनाक्रमलाई जोड्का निम्ति कुनै कुनै ठाउँमा वर्तमान काल जनाउने वाक्यहरूको प्रयोग गरिएको छ। "किशोरले भन्यो - राधा, तिमीले आफ्नो जीउको राम्रो हेरविचार गर्नू। राधाले केही नबोलेर आफ्नो गोडामा पानीमा हाल्लाइरही। अनि एकछिनपछि त्यसै लहडमा सोधेको जस्तो गरी किशोरले भन्यो - तिमीलाई पहिलो सन्तान छोरा कि छोरी, के मनपर्छ ? राधाले अँध्यारोमा पनि लाजले मुख छोपी "(कोइराला,२०७३, पृ.३२)। कथामा किशोर र उसकी पत्नीका बिचमा भएका यो सम्वाद वर्तमानमा भएको नभई किशोरले जेलको कालकोठरीमा रहँदा स्मरण गरेको विगतको हो। किशोरको पूर्वस्मृतिमा रहेको यस घटनाले कथाको अग्रभूमिकरण निर्माणमा सहयोग पुऱ्याएको छ एकातिर भने अर्कोतिर कथाको समाख्यानात्मक सान्दर्भिकतालाई जोड्ने काम गरेको छ। कथाको अग्रभूमिकरणका रूपमा रहेका यी अनुच्छेदहरूमा समाख्यायित क्रमको निरन्तरताले समाख्यानात्मक क्रमलाई विचलन गर्दै कथालाई बढी आकर्षक, रोचक र प्रभावोत्पादक बनाएको छ। यसमा समाख्याताले नेपालमा निरङ्कुश राणाशासनको विरोधमा क्रान्तिकारीहरूले गरेको निणर्यअनुसार शासकलाई चेतावनी दिने उद्देश्यले किशोरले बम फ्याँकेको, बम फ्याँकेको आरोपमा किशोर जेल परेको, किशोरले बम फालेको कुरा गर्वका साथ स्वीकार गरेको, जेलमै आएर सरकारी अफिसरहरूले उसलाई माफी माग्ने मौका दिएको, किशोरले माफी माग्न नचाहेको, माफि नमागेपछि उसलाई फाँसीको सजाय सुनाइएको, फाँसीमा चढ्नुअघि कमिसनर आएर किशोरलाई अन्तिम इच्छा भए भन्न पटक पटक अनुरोध गरेको, उसले कमिसनरसमक्ष तमाम किशोर युवकहरूमा जविनको मानवीय मर्यादा र सुख सम्भव हुन जाओस् भनी आफ्नो मन्तिम इच्छा व्यक्त गरेको , किशोरको अन्तिम इच्छा सुनेर कमिसनर हडबडाएको, कमिसनर गएपछि कोठामा किशोर एक्लै भएको, एक्लै भएको समयमा उसले आफ्नो प्यारो भाइ, पढ्न चाहने बहिनी, वृद्ध भएकी आमा, आफूलाई वेरिस्टर बनाउन चाहने वृद्धा भएका बाबु, सानै उमेरमा विवाह गरेकी लजालु र मायालु स्वभावकी श्रीमती, श्रीमतीसँग कटाएका प्रेमिल क्षणहरू, कलेज पढ्दाका क्रान्तिकारी साथीहरू, क्रान्किारी सङ्गठमा लागेर निरङ्कुशताका विरूद्धमा गरेका सम्पूणर् क्रियाकलापहरू, आफू

जेलपरेपछि जन्मिएको तर आफूले देख्न नपाएको छोरो, गाउँमा रहँदा आपूmले परम्परागत तथा आधुनिक पढाइ र ग्रामीण शिक्षित अशिक्षित चेतनाका बिचमा देखिएका रभोगेका अन्तरविरोधहरूको पुनस्मरण गरेका कुरा उल्लेख गरेको छ। जेलको कालकोठरीमा एक्लै रहेको, फाँसीको सजायमार्फत मृत्युको पर्खाइमा रहेको किशोरको पुनस्मृतिमा आएको यस समाख्यायित क्रमको समयावधि लगभग आठ वर्षको रहेको छ। किशोरको पूर्वस्मृतिमा रहेका यी समाख्यायित क्रमले कथाको रैखिक ढाँचाको विचलन गर्दै वृत्तकारीय समाख्यानात्मक क्रमलाई जोड्ने काम गरेको छ।

जेलमा आएर कमिसनरहरूले फाँसीको सजाय सुनाइसकेपछि फाँसी दिनुपूर्व किशोरलाई अन्तिम इच्छा के छ ? भनी सोधिएको र किशोरले मृत्यु नै आफ्नो अन्तिम इच्छा रहेको कुरा स्वीकार गरेको घटनाबाट कथाको चौथो अनुच्छेददेखि छुटेको समाख्यायित क्रम साह्रौँ अनुच्छेदको पहिलो वाक्यमा आएर जोडिएको छ। त्यसपछि फेरि फलामे ढोका लाग्यो, सिक्री बारमा रगडियो, बाक्लो ताल्चा मारियो, र गोडको आवाज विस्तारै चिसो माटोमा विलिन हुँदै गयो।.... अनि कालकोठरीको फलामे ढोका उघ्रियो, सिक्री डन्डीमा रगडियो उसले लेटी लेटी सोच्यो लिन आए। कस्तो अनुद्विग्न छ उसको मन एकदम भावशून्य भएको छ उसको हृदय धोएर पुछिएर चोखो (कोइराला, २०७३, पृ.२९-३४) । यसमा गोडाको आवाज विस्तारै माटोमा विलीन हुँदै जानु र अनि कालकोठरीको फलामे ढोका उघ्रियो भन्ने समाख्यायित क्रमले कथाको समाख्यानात्मक क्रमलाई जोड्ने काम गरेको छ। दुईवटा मात्र वाक्य रहेको यस अनुच्छेदमा भूतकालिक क्रियापदको प्रयोग गरिएको छ।

कथाको सत्रौँ अनुच्छेदमा समाख्यायित क्रमले निरन्तरता पाएकोछ। यस अनुच्छेदमा पनि भूतकालिक क्रियापदको नै प्रयोग गरिएको छ। यसमा किशोर बसेको कोठाको वस्तुस्थिति, फाँसीमा चढ्न कोठाबाट बाहिर आउनु अघि किशोरले गरेको कोठाको व्यवस्थापन, किशोरको मनोदशा, फाँसी दिनका लागि खटिआएका (डाक्टर, मिल्ट्रि, सुवेदार, हवल्दार ) कर्मचारीहरूको बारेमा वर्णन गरिएको छ। कथाको अठारौँ अनुच्छेदमा पनि भूतकालिक क्रियापदको प्रयोग गरिएको छ। यसमा किशोरलाई फाँसीको सजाय दिनका लागि लिनआउने अफिसरहरूले गरेका क्रियाकलाप र उनीहरूको मानसिकताको वर्णनका साथै किशोरले जेलको कालकोठरीमा रहँदा अध्ययन गरेका किताब छोडेर जानुपर्दा तिनले आफूप्रति राखेको अपेक्षा र तिनप्रति आफूले गरेको कल्पनाको वर्णन गरिएको छ। किशोरले बिस्तारै किताब मिलायो र मनमा भन्यो -यी किताबहरूले के भने ? जीवनमा तिनका उपदेशहरूको प्रयोग त सम्भनव छैन र यो पनि जान्न सकिएन कि उसको त्यो कार्यका प्रति के भनाइ छ यिनीहरूको (कोइराला, २०७३, पृ.३४)। समाख्यायित क्रमको निरन्तरता रहेको यस अनुच्छेमा फाँसीमा चढ्न जानुपूर्व किशोरले गरेका क्रियाकलापले उसले मृत्युलाई सामान्य रुपमा लिएको कुरा उल्लेख गरिएको छ। पाँचवटा वाक्यमा संरचित यसमा वर्णित समाख्यानात्मक समय लगभग पाँच मिनेट जतिको रहेको छ।

कथाको उन्नइसौँ अनुच्छेदमा किशोर फाँसीमा चढ्न जान तयारी भइसकेको, त्यसको जानकारी दिँदै कोठामा भएका सरसामान अरू कसैलाई दिनका लागि अफिसरहरूलाई सुझाएको विषयको वर्णन गरिएको छ। “अनि किशोर

बिछ्यौनाबाट उठ्यो। उसले खाँडीको कुर्त र धोती लगाएको थियो। काठको किलाबाट स्वेटर झिक्यो, त्यसलाई लगायो। जाडोले आङ काँपेको जस्तो भयो।...अनि फेरि एक चोटि कोठामा दृष्टि दिएर भन्यो - ल जाऊँ, म तयार भएँ। बाहिर आएर उसले भन्यो - त्यो कोठाको सामानहरू कसैलाई दिनुहोला" (कोइराला, २०७३, पृ.३४)। फाँसीमा चढ्नको लागि तयार भएको कुरा कथाको घटना क्रम यसै अनुच्छेदमा उत्कर्षमा पुगी ओरालो लागेको छ। भूतकालिक क्रियापदको प्रयोग गरिएको यस अनुच्छेदमा समाख्यानात्मक क्रमको निरन्तरता रहेकोले यो पनि दृश्यात्मक प्रकृतिको छ।

कथाको बीसौँ अनुच्छेददेखि अठाइसौँ अनुच्छेदसम्म देश र जनताको स्वतन्त्रता तथा मुक्तिका निम्ति क्रान्तिमा होमिएको एउटा किशोरले फाँसीको सजायलाई स्वीकार गरी हाँसी हाँसी मृत्युवरण गरेको विषय वर्णन गरिएको छ। "उसको गोडाले कस्एिको गाँठोकले किचेको पनि बोध गर्‍यो र पैताकलाले खस्रो पल्याकको अनुभव। त्यसपछि घाँडानिर अर्को छाँद हालियो - त्यहाँ पनि डोरीले छालालाई किचेर दुखाएजस्तो किशोरलाई लाग्यो। एकदम शान्तिमा यी काम भइरहेका थिए केवल किशोरको मा र शरीर अत्यन्त चनाखो भएर यी सब कुरालाई स्पष्ट किसिमले टिपिरहेका थिए (कोइराला, २०७३, पृ.३६)। समाख्यायित क्रमको निरन्तरता रहेको यी अनुच्छेदमा भूतकालिक क्रियापदको प्रयोग गरिएको छ। कथाको तीसौँदेखि बत्तीसौँ अनुच्छेदमा पनि समाख्यानात्मक क्रमले निरन्तरता पाएको छ। यी अनुच्छेदमा कथाको मुख्य पात्र किशोरालाई दिइएको फाँसीको सजायका कारण फाँसीमा चढाउन आउने डाक्टर, पुलिस, सुवेदार, अफिसर आदि मानसिक रूपमा बेचयन भई छटपटाएको,, घरमा गएर शान्तसँग सुत्न नसकेको आदि विषयको वर्णन गरिएको छ। "दुलहीले भनी किन नसुतेको ? र एक छिनपछि डाक्टरको अनौठो व्यवहार देखेर फेरि भनी - के भो हँ, तिमीलाई ? कहाँ गएका थियौ भन। भन, भनन। डाक्टरले सुस्तरी भन्यो - नभन्नु है - मेरो मासु खाने, छोराहरूलाई। त्यही ठिटोलाई फाँसी दिलाउन जानुपरेको थियो। नभन्नु है छोराहरूलाईर्" (कोइराला, २०७३, पृ.३८)। भूतकालिक क्रियापदको प्रयोग गरिएको छ। किशोरको मृत्यु निरङ्कुश शासन व्यवस्थाको रक्षाको लागि नभई अन्त्यका लागि भएको हो। निरङ्कुशता परिवर्तनको संघारमा पुगिसकेको छ भन्ने कुराको सङ्केत गरिएको यी अनुच्छेदमा समाख्यानात्मक समय लगभग एक घन्टा जतिको रहेको छ। एक रात किशोरलाई फाँसीको सजाय दिन खटिएका डाक्टर, कमिसनर, पुलिस, सुवेदार, अफिसर आदि किशोरलाई मृत्युदन्ड दिइसकेपछि आ-आफ्नो घरमा गई सुित्न, निदाउन खोजेको तर निदाउन नसकि बिहानी भएको घटनासँगै कथाको अन्त्य भएको छ।

निरङ्कुश शासनको अन्त्यका लागि विद्रोह सुरू गरेको किशोरलाई शासकहरूले बन्दी बनाई रातको समयमा कसैले थाहा नपाउने गरी फाँसी दिएको घटना एक रात कथाको समाख्यानात्मक काल हो। प्रस्तुत कथामा सहरमा रातको समयमा हुने चकमन्नताको वर्णन गरेर थालनी भएको समाख्यायित क्रमले पहिलो अनुच्छेददेखि चौथो अनुच्छेदसम्म निरन्ता पाएको छ। यसमा कथाको पहिलो र दोस्रो अनुच्छेद कथाको पृष्ठभूमिका रूपमा आएका छन् भने तेस्रो अनुच्छेदबाट समाख्यायित क्रमको थालनी भएको छ। प्रस्तुत कथामा पाँचौँ अनुच्छेददेखि पन्ध्रौँ अनुच्छेदसम्म कथाको घटना क्रम समाख्यायित क्रम टुटेको छ। किशोरको पारिवारिक तथा विद्यार्थी जीवनको

पूर्वस्मृतिका रूपमा रहेका यी अनुच्छेदहरूमा आएको समाख्यायित क्रम कथाको अग्रभूमिकरणका रूपमा रहेका छन्। यसमा चौथो अनुच्छेददेखि टुटेको समाख्यायित क्रम सोह्रौँ अनुच्छेदमा आएर जोडिई निरन्तर रूपमा अघि बढी बत्तीसौँ अनुच्छेदमा आएर समाप्त भएको छ। प्रस्तुत कथामा पाँचौँ अनुच्छेका केही वाक्यबाहेक एकदेखि बत्तीसै अनुच्छेदहरूका सबै वाक्यहरूमा भूतकालिक क्रियापदको प्रयोग भएको छ।

**निष्कर्ष**

'एक रात' निरङ्कुश पञ्चायती शासन व्यवस्थाका विरुद्ध स्वतन्त्रता र प्रजातन्त्रका लागि नेपाली युवाहरूले गरेको उत्सर्ग तथा बलिदानीको घटनाको घटनालाई समेटेर लेखिएको कथा हो। कथामा विषयगत काल वा घटना कालले कथाको आख्यानमा लघु श्रृङ्खला तयार गरेको छ। एकै रातको समयमा घटित घटनालाई विषयका रूपमा प्रस्तुत गरिरएको विवेचित कथा मध्यम आकारको छ। यसो हुनुमा घटना कालको मुख्य भूमिका रहेको छ। जेलको चिसो छिँडीमा कैदी जीवन भोगिरहेको, फाँसीको सजाय सुनिसकेको किशोरलाई मृत्युदण्ड दिनका लागि तोकिएको रात अर्थात् बेलुकी आठ/नौ बजेदेखि बिहान उज्यालो नहुँदासम्मको समयमा घटित घटनासँग सम्बन्धित समय नै यस कथाको घटना काल वा समाख्यानात्मक काल हो।

प्रस्तुत कथामा शहरमा रातको समयमा हुने चकमन्नताको वर्णनबाट पहिलो अनुच्छेदको समाख्यायित क्रमको थालनी भएको छ। यसले चौथो अनुच्छेदसम्म निरन्तरता पाएको छ। कथामा पहिलो र दोस्रो अनुच्छेद कथाको पृष्ठभूमिका रूपमा आएका छन् भने तेस्रो अनुच्छेदबाट समाख्यानात्मक घटना क्रमको थालनी भएको छ। यी अनुच्छेदहरूमा भूतकालिक क्रियापदको प्रयोग गरिएको छ। प्रस्तुत कथामा पाँचौँ अनुच्छेददेखि पन्ध्रौँ अनुच्छेदसम्म कथाको घटना क्रम वा समाख्यानात्मक क्रम टुटेको छ। किशोरको पारिवारिक तथा विद्यार्थी जीवनको पूर्वस्मृतिका रूपमा रहेका यी अनुच्छेदहरूमा आएका समाख्यायित क्रम कथाको अग्रभूमिकरणका रूपमा रहेका छन्। यसमा चौथो अनुच्छेददेखि टुटेको समाख्यानात्मक क्रम सोह्रौँ अनुच्छेदमा आएर जोडिई निरन्तर रूपमा अघि बढी बत्तीसौँ अनुच्छेदमा आएर समाप्त भएको छ। प्रस्तुत कथामा पाँचौँ अनुच्छेका केही वाक्यबाहेक एकदेखि बत्तीसै अनुच्छेदहरूका सबै वाक्यहरूमा भूतकालिक क्रियापदको प्रयोग भएको छ। प्रस्तुत कथामा समाख्यायित कालको समय अवधि आठ / नौ वर्षको छ। यसमा समाख्यानात्मक क्रमले भन्दा समाख्यायित क्रमले धेरै समय ओगटेको छ। कथामा एक रातमा घटित घटनाको प्रस्तुतिका लागि खर्चिएको समाख्यानात्मक कालबाहेकको समाख्यायित काल कथाको अग्रभूमिकरणका क्रममा आएको छ।

**सन्दर्भसामग्रीसूची**

कोइराला, विश्वेश्वरप्रसाद (०७३), *श्वेतभैरवी* (सातौँ संस्क), साझा प्रकाशन।

गौतम, देवीप्रसाद (२०६९), समाख्यानात्मक वाच्यत्व *प्राज्ञिक संसा,*१(६), पृ. १-८।

गौतम, देवीप्रसाद (२०७१), आख्यानमा समाख्याता, *वाङ्मय,* १५(१५), पृ. १-१७।

------------ (२०७६) 'आख्यानमा कालव्यवस्था', *त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग*, दर्शनाचार्य तहको कार्यक्रममा प्रस्तुत कार्यपत्र ।

ढकाल, दीपकप्रसाद (२०७०), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा समाख्यानात्मक व्यवस्था, *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला* पुनर्पाठ (सम्पा. भाउपन्थी), नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०५५), *शोधविधि* (दोस्रो संस्क), साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन*, ज्ञानज्योति बुक्स पब्लिकेसन प्रा.लि. ।

Genette, Gr (1980). *Narrative Discourse AN ESSAY IN METHOD.* CORNELL UNIVERSITY PRESS ITHACA.

Garcia Landa, JA, (2017), *Time Structure in The story* (narrative Theory,3) Uploaded on 24/3/2017 http://researchgate,net/publication/318041820